

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार १५ गते शनिबार ❑ 29 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## नेता तथा कार्यकर्तालाई गल्ती दोहोऱ्याउने छुट छैन : उप महासचिव प्रदीप ज्ञवाली

**पोखरापत्र संवाददाता**
पोखरा १४ असार

नेकपा (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले एमालेका नेता तथा कार्यकर्तालाई गल्ती दोहोऱ्याउने छुट नभएको बताउनुभएको छ ।

शुक्रबार एमाले पोखरा महानगरपालिका कमिटीले ७३ औं मदन जयन्तिको अवसरमा आयोजना गरेको विचार गोष्ठी कार्यक्रममा बोल्दै उहाँले अबको निर्वाचन मार्फत एमालेले एकल बहुमतका साथ आफ्नो खुट्टामा उभिनसक्ने हुनुपर्ने बताउनुभयो ।

'अब गल्ती दोहोऱ्याउने छुट छैन । अब हामी एक्लै कसैको पनि बैसाखी नटेकिकन मुलुकको नेतृत्व गर्न चाहन्छौं । समेट्ने कुरा सबैको होला, हामी अरुलाई पनि समेटौला, तर एमाले एक्लै आफ्नो खुट्टामा उभिनसक्ने बन्नुपर्छ' उहाँले भन्नुभयो ।

एमालेले बलियो राष्ट्रिय शक्तिको निर्माण गर्ने संकल्प गरेकोले जननेता मदन कुमार भण्डारीलाई सम्झदै त्यो संकल्प पुरा गर्नका निम्ती सबैले आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

'एमाले आफ्नै असमझदारीका कारण आफ्नै खुट्टामा अल्झिएर धेरैं ठाउँमा लडेको छ, यो स्थितिलाई अन्त्य गर्नुपर्छ' उहाँले भन्नुभयो ।

विगतमा पार्टीमा चुनौतीको सामना गर्न खोज्नेको जमात बढी हुने गरेपनि पछिल्लो समय आफूले टिकट पाए ठीक नपाए असहयोग गर्ने, अन्तरघात गर्ने विपक्षीहरुसँग मिल्ने जस्ता खालका कामहरु हुने प्रवृत्ति देखा परेको उपमहासचिव ज्ञवालीको गुनासो थियो ।

पछिल्लो ३ वर्ष एमाले



विरुद्ध घेरावन्दी भएपनि गएको फागुन २१ गतेदेखि त्यसलाई तोडेर एमाले राजनीतिको केन्द्रविन्दुमा आइपुगेको भन्दे अब आफ्नै खुट्टामा एकल बहुमतका साथ उभिने परि स्थिति निमार्णमा जुट्नुपर्ने खुलाउनुभयो । चुम्बक बलियो भयो भने फलामका कणहरु आफै खोज्दै-खोज्दै आइपुग्ने भन्दै उहाँले नेकपा एमालेलाई राष्ट्रिय राजनीतिको चुम्बकको रुपमा स्थापित गर्नुपर्ने बताउनुभयो ।

'सहकार्य विचार मिल्दा गरिएला । तर, भोली नै पार्टी एकता हुन्छकी, भोलीनै वामपन्थी एकता हुन्छ की, भोली नै हिजो जस्तो नेकपा बन्छकी, यो कुनैपनि अन्यौलमा नपरीकन आफ्नो पार्टीलाई बलियो बनाउ' उहाँको आग्रह थियो ।

वर्तमान समीकरण भत्काउन अनेक खालका प्रयास भइरहेपनि त्यसलाई सफल हुन नदिने उहाँको ठोकुवा थियो ।

२०८४ को निर्वाचनसम्म यहीं रुपमा रहेर संगठन विस्तार गर्दै राष्ट्रिय राजनीतिको निर्णायक शक्तिको रुपमा अगाडि बढ्ने गरी नेकपा एमालेले संकल्प गरेको उहाँले खुलाउनुभयो ।

'त्यो निर्णायक शक्ति बन्ने भनेको खाली बहुमत पाउन कसैलाई प्रधानमन्त्री, कसैलाई मन्त्री बनाउन होइन, देश बदल्नका लागि हो । समृद्ध नेपाल सुखी नेपाली बनाउनका निम्ती हो' उहाँले प्रष्ट्याउनुभयो ।

विचार गोष्ठीमा बोल्दै एमाले स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले जननेता मदनकुमार भण्डारीका विचारको अध्ययन गरेर सोही अनुसार आफ्नो कार्यशैलीमा सुधार गर्न जनप्रतिनिधिलाई आग्रह गर्नुभयो । सबै एकताको सुत्रमा अगाडि बढेमात्र पार्टी लिएको लक्ष्य पुरा हुने उहाँको भनाई थियो । त्यसको लागि जिम्मेवारीमा रहेको व्यक्तिको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।

'सिद्धान्त, संगठन, सर्घष र शैलीमा एकरुपता कायम गर्दै पार्टीको आन्तरिक एकतालाई अझै बलियो बनाउदै जानुपर्नेछ' उहाँले भन्नुभयो ।

नेकपा एमालेलाई निर्णायक राष्ट्रिय शक्तिको रुपमा स्थापित गर्नको लागि स्थानीय तहदेखि प्रदेश र संघमा बहुमत आवश्यक पर्ने भन्दै त्यसको लागि सबैजना एकढिक्का भएर अगाडी बढ्नुपर्ने बताउनुभयो ।

समाजवाद उन्मुख संविधान पूर्ण रुपमा कार्यान्यवयन गर्नको लागि समेत एमालेको एकल बहुमत आवश्यक पर्ने उहाँको दावी थियो।

एमालेबाट निर्वाचित जनप्रतिनिधिले नियम कानूनको अधिनमा रहेर तथा नियमित पार्टीको सम्पर्कमा रहेर काम गर्नुपर्ने उहाँको भनाई थियो ।

'म त जनप्रतिनिधि भए पाँच वर्षलाई ठीक छ, मैले किन पार्टीलाई वास्ता गर्नुपऱ्यो भन्न थालियो भने धागो चुँडिएको चङ्गा जस्तो हुन्छ, पार्टीसँग आवश्यकताको आधारमा नियमित रुपमा सम्पर्कमा रहनुपर्छ' उहाँले भन्नुभयो ।

जनप्रतिनिधि शासक नभई सेवक भएकोले जनताप्रति उत्तरदायी बन्नुपर्ने स्थायी कमिटी सदस्य अधिकारीले बताउनुभयो । 'जनतालाई निरास बनाउने अधिकार जनप्रतिनिधिलाई छैन, मतदातालाई उत्साह, उर्जा थप्नुपऱ्यो' अधिकारीले आग्रह गर्नुभयो। संगठनमा प्रयोग गरिहेको लोकतान्त्रीकरणमा पुनरावलोकन गर्नुपर्ने अवस्था आएको समेत उहाँको भनाई थियो।

नेकपा (एमाले) पोखरा महानगरपालिका कमिटीका अध्यक्ष जीवन आचार्यको अध्यक्षतामा भएको गोष्ठीमा स्थायी कमिटी सदस्य एवं कास्की जिल्ला इन्चार्ज थममाया थापा, केन्द्रीय सदस्य एवं पोखरा महानगरपालिका कमिटी इन्चार्ज कृष्ण थापा, पोखरा महानगरपालिका कमिटीका निवर्तमान अध्यक्ष दिलिप न्यौपाने, वर्तमान उपाध्यक्ष नरेन्द्रनाथ ढुंगाना र सचिव सुशील बस्नेतले बोल्नुभएको थियो ।

## 'जबज नेपाली क्रान्तिलाई बाटो देखाउने सिद्धान्त'

**रासस**
काठमाडौं, १४ असार

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले जनताको बहुदलीय जनवाद (जबज) नेपाली क्रान्तिलाई बाटो देखाउने सिद्धान्तका रूपमा रहेको बताउनुभएको छ ।

मदन भण्डारी फाउन्डेसनले आज ललितपुरको च्यासलस्थित एमाले पार्टी कार्यालयमा आयोजना गरेको 'मदन भण्डारी राष्ट्रिय पुरस्कार तथा जबजः राजनीतिक विकास र स्थायित्व' विषयक विचार गोष्ठीमा उहाँले देशको आवश्यकता र अति जरुरी सिद्धान्तका रूपमा जबज रहेको बताउनुएको हो ।

जबजले अहिले पनि मार्गदर्शन गरिरहेको भन्दै पार्टीले अहिले जबजलाई प्रभावकारी रूपमा अघि बढाइरहेको उहाँको भनाइ छ । उहाँले देश, जनताको समस्या समाधानप्रति जबज प्रतिबद्ध रहेको धारणा राख्नुभयो । अध्यक्ष ओलीले जनताका हितलाई सुनिश्चित गर्ने अनुकूल परिस्थिति प्रदान गर्ने प्रयास नै जबज रहेको बताउनुभयो ।

मदन भण्डारीको अगुवाइमा एमालेले जबज प्रतिपादन गरेको उल्लेख गर्दै जबज सङ्घर्षको अनुभवबाट निस्केको निष्कर्ष रहेको उहाँको धारणा थियो । देशको राजनीति र विकासको अवस्थालाई उन्नत स्थितिमा पुऱ्याउन, आधुनिकतालाई उन्नत आधुनिकीकरणमा पुऱ्याउन, अर्थतन्त्रलाई माथिल्लो स्तरमा लैजान र शासक प्रशासकलाई उच्चस्तर बनाउने काम जबजले गरेको उहाँको जिकिर थियो ।

उहाँले भन्नुभयो, "हाम्रो समाजमा रहेका विकृति-विसङ्गतिलाई हटाउँदै सुन्दर, समानतायुक्त, न्याययुक्त समाज, सांस्कृतिक हिसाबले उन्नत र सुसंस्कृत, मानवीय समाजमा लैजाने भन्ने कुरा जबजमा छ ।" उहाँले नेपालको भूराजनीतिक विषयमा दुई ठूला मित्र राष्ट्रसँगको सम्बन्धलाई सदुपयोग गर्नुपर्ने धारणा राख्नुभयो । "हाम्रो मित्र हुन् भन्ने ठानेर हामीले हाम्रो रुचिका विषयबारे खुलस्त कुरा गर्नुपर्दछ," उहाँले भन्नुभयो, "हाम्रो रुचि यो हो हाम्रो जायज माग यो हो भनेर कुरा गर्नुपर्दछ र हामी यस्तो धारणा राख्दछौं, हाम्रो कुरा सही छ भनेर भन्नुपर्दछ ।"

फाउन्डेशनका अध्यक्ष महेन्द्रबहादुर पाण्डेले जबजलाई कम्युनिष्ट पार्टीको राजनीतिक सिद्धान्तका रूपमा विकास गर्न आवश्यक रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा अध्यक्ष ओली, उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेललगायत पार्टीका शीर्षनेताहरूले मदन भण्डारीको तस्बिरमा माल्यार्पण गर्नुभएको थियो । सोही कार्यक्रममा अध्यक्ष ओलीले फाउन्डेसनले प्रकाशित गरेको 'दिशाबोध' नामक पुस्तकको विमोचन गर्नुभएको थियो ।

मदन भण्डारी पुरस्कार कञ्चनजङ्गा चिया बगान तथा अनुसन्धान केन्द्रलाई

मदन भण्डारी राष्ट्रिय पुरस्कार-२०८० पाँचथरको कञ्चनजङ्गा चिया बगान तथा अनुसन्धान केन्द्रलाई प्रदान गरिएको छ। अध्यक्ष ओलीले केन्द्रलाई नगद रु एक लाखसहित पुरस्कृत गर्नुभएको हो।

स्थानीय कच्चापदार्थको प्रयोगका आधारमा रोजगारी सृजना गरी आयात तथा निर्यात प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रलाई टेवा दिएकाले पुरस्कार प्रदान गरिएको हो । २०६८ सालदेखि हरेक वर्ष फाउन्डेसनले मदन भण्डारी राष्ट्रिय पुरस्कार प्रदान गर्दै आइरहेको छ ।

## पहिरोले सिँचाइ नहर बगाउँदा रोपाइँ प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

धान रोप्ने बेलामा नहर पहिरोले बगाएपछि पोखरा महानगरपालिका-१९ पुरुनचौरका कृषक चिन्तित बनेका छन् । सार्दीखोला पुरुनचौर सिँचाइ आयोजनाको नहर स्थानीपाताल भन्ने ठाउँमा गत मङ्गलबार रातिको वर्षासँगै पहिरोले बगाएको थियो ।

पहिरोले बगाएपछि नहर पूर्ण रूपमा बन्द भएको छ । नहरमा पानी नआएपछि धान रोपाइँको तयारी गरेका कृषक निरास बनेका हुन् । पोखरा-१९ पुरुनचौरका स्थानीय इमानराज पौडेलले नहरबाट पानी नआउँदा साविक पुरुनचौरको वडा न ६, ७, ८ र ९ गरी चार वडाका सयौँ कृषकहरू धान रोपाइँबाट वञ्चित भएको बताउनुभयो । पुरुनचौरमा यसवर्ष आधाभन्दा बढी खेतमा रोपाइँ हुन बाँकी छ । सो सिँचाइ आयोजनाबाट तीन सय ५० हेक्टर जमिन सिँचित हुँदै आएको थियो ।

"धानको बीउ छिप्पिन लागिसकेको छ तर नहर नचल्दा पुरुनचौरको धान रोपाइँ हुने क्षेत्रका आधा जमिन पूरै सुक्खा हुने अवस्था छ ।" पौडेलले भन्नुभयो, "पुरानो कुलो सञ्चालनमा छैन । आकाशबाट पानी नपर्दा धान रोपाइँ हुन सकेको छैन ।"

पहिरोले ३० मिटर नहर बगाएको छ । यस विषयमा स्थानीयवासीले पोखरा महानगरपालिका तथा प्रदेश सरकारसँग ध्यानाकर्षण गराएका छन् । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आज पहिरोले क्षति पुगेको नहरको स्थलगत अवलोकन गर्नुभएको छ । उहाँले स्थानीय कृषकहरूलाई समस्या समाधान गर्ने प्रतिबद्धता जनाउनुभयो । मुख्यमन्त्रीले नहर पुनःनिर्माणका लागि प्रदेश सरकारले तुरुन्त काम अघि बढाउने बताउनुभएको छ ।

मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "प्रदेश सरकारले कृषकले भोग्नुपरेको समस्या तुरुन्त समाधान गरिनेछ । हामीले छिटोभन्दा छिटो नहर मर्मत गरी पानी सुचारु गर्नेतर्फ लाग्ने छौँ । खेतीयोग्य जमिन बाँझो हुन दिनेछैनौँ ।"

सार्दीखोला पुरुनचौर सिँचाइ विसं २०५२ मा निर्माण गरिएको हो । माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलाको पानी पाँच किमी लामो नहरमार्फत ल्याएर पुरुनचौरको जमिनमा सिँचाइ गरिँदै आएको थियो ।

## आत्मनिर्भरका लागि सीप विकास तालिम आवश्यक : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले आत्मनिर्भरका लागि सीप विकास तालिम आवश्यक रहेको बताएका छन् ।

शुक्रबार गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सीप विकास तालिम केन्द्रले आयोजना गरेको तीन महिने सीप विकास तालिमको समापन कार्यक्रममा बोल्दै उनले युवा जनशक्तिहरुलाई श्रम बजार अनुकुलको ज्ञान र सीपको आवश्यकता रहेको बताएका हुन् ।

"सीपले आत्मनिर्भर बनाउछ, स्वरोजगार बन्न प्रेरित गर्छ । आशा छ, प्रदेश सरकारले उपलब्ध गराएको तालिमले सहभागी सबै युवाहरु लाभन्वित हुनुभयो । स्वरोजगार बनी अन्यलाई रोजगार दिने बाटोमा यहाँहरु अग्रसर रहनुहुनेछ भन्ने अपेक्षा लिएको छु ।', उनले भने ।



मन्त्री थापाले सीप सिकेर खेर नजाने र कुनै न कुनै समयमा काम लाग्ने उल्लेख गरे । आफु पनि सुरुवातको समयमा बेरोजगार हुँदा परदेशिने योजना बनाएता पनि सीप विकास तालिमले नै देशमै बस्ने वातावरण सिर्जना गरेको र यहाँसम्म पुऱ्याएको अनुभव सुनाए ।

आत्तिएर कुनै पनि काम नबन्ने र धैर्यताको खाँचो युवामा रहेको भनाई उनको छ । प्रदेश सरकारले नेपालमा नै बसेर स्वरोजगार तर्फ आकर्षण बढाउन युवा लक्षित कार्यक्रम ल्याएको उनले उल्लेख गरे । सीप सिक्नेहरुका लागि अवसर थुप्रै रहेको बताउँदै सीपबाट वञ्चित नहुन उनको आग्रह छ ।

बेसीकसँगै एडभान्स लेवलको सीप विकास तालिममा समेत प्रदेश सरकारले लगानी गर्ने प्रतिबद्धता उनको छ ।

व्यवसायिक तथा सीप विकास तालिम केन्द्र पोखराका केन्द्र प्रमुख लक्ष्मी भद्र वाग्लेले चालु आर्थिक वर्षमा मात्रै ३६ वटा तालिम गर्न आफुहरु सक्षम भएको बताए । जसमा १९५१ जनाको आवेदनमा ७०५ जनाले तालिम लिएको भनाई उनको छ। तालिमबाट सीप सिकी नेपालमा नै बस्ने प्रेरणा युवालाई मिलेको विश्वास उनले लिएका छन् ।

तालिम लिएर आफ्नो अनुभव सुनाउँदै पोखरा २० की अस्मिता बस्नेतले सीप विकास तालिमले आफुलाई दक्ष बनाएको बताइन् । आधारभूत केश श्रृङ्गारको तालिम लिएकी उनले स्वरोजगार बन्न प्रेरित भएको सुनाइन् । उनले आफुले सिकेको सीपलाई कार्यान्वयनमा लाने र नेपालमा नै केही गर्ने प्रतिबद्धता व्यक्त गरिन् । फेशन डिजाइन, प्लम्बिङ, आधारभूत केश श्रृङ्गार, कपाल काट्ने सैलुन, विद्युत जडान, एडभान्स ब्युटिपार्लर जस्ता विभिन्न ६ वटा विषयगत तालिम उपलब्ध गराइएको थियो । जसमा करिब १ सय ६० जना प्रशिक्षार्थीको सहभागिता रहेको जनाइएको छ ।


लिटिल स्टेप माध्यमिक विद्यालय
+2 Science, Management, Hotel Management & Computer Science
पोखरा लिङ्कन इन्टरनेशनल कलेज
MBA, BBA, BHM & BCS IT
हार्दिक बधाई
विगत ४ दशकदेखि शैक्षिक क्षेत्रमा निरन्तर उत्कृष्ट नतिजासहित आफ्नो पृथक पहिचान बनाउन सफल यस लिटिल स्टेप माध्यमिक विद्यालयबाट वि.सं. २०८० सालको **SEE** मा सम्मिलित हाम्रा सतप्रतिशत समुत्तीर्ण विद्यार्थीहरु एवम् अन्य समुत्तीर्ण देशभरिका विद्यार्थीहरुलाई समुज्ज्वल शैक्षिक भविष्यको मङ्गलमय शुभकामनासहित तथा अभिभावकज्यूहरुलाई समेत विद्यालय परिवार **हार्दिक बधाई** ज्ञापन गर्दछ । साथै कक्षा ११ अन्तर्गत **Science, Management, Hotel Management / Computer Science** मा भर्ना खुलेको पनि सहर्ष जानकारी गराइन्छ ।
प्राचार्य एवम् विद्यालय तथा कलेज परिवार
Simalchaur, Pokhara - 8, Kaski
Phone No. : 061-575013, 552796 & 581964

# करोडौँ खर्चिए पनि गण्डकीका चार विमानस्थल प्रयोगविहीन

**रामबहादुर थापा**
गण्डकी १४, असार/रासस

करोडौँ खर्चेर बनाइएका यहाँका चार विमानस्थल प्रयोगविहीन बनेका छन् ।

मनाङको हुम्डे, गोरखाको पालुङटार, बागलुङको बलेवा र ढोरपाटन विमानस्थल सञ्चालनमा छैनन् । लामो समयदेखि बन्द अवस्थामा रहेका ती विमानस्थल पुनःसञ्चालनमा ल्याउन धावनमार्ग कालोपत्रलगायत पूर्वाधार निर्माण गरिएका छन् तर विमानस्थल चल्ने/नचल्ने कुनै टुङ्गो छैन ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार पूर्वाधारतर्फ हुम्डेमा रु दश करोड, पालुङटारमा रु सात करोड, बलेवामा रु १२ करोड र ढोरपाटन विमास्थलमा रु दुई करोड खर्च भएको छ। मनाङको मनाङ डिस्याङ गाउँपालिकामा रहेको हुम्डे विमानस्थलको धावनमार्ग कालोपत्र भएको एक दशक बितिसक्दा पनि विमानस्थल सञ्चालनमा आउन सकेको छैन । प्राधिकरणले विसं २०६९ मा रु नौ करोड खर्चेर हुम्डेमा धावनमार्ग कालोपत्र गरेको थियो।

धावनमार्ग कालोपत्र भएपछि विसं २०७६ भदौमा समिट एयरको विमानले विमानस्थलमा परीक्षण उडान भरेको थियो । परीक्षण उडान सफल भएपछि नियमित उडान हुनेमा आशावादी रहेका मनाङवासी अहिले भने निराश छन् । लाखौँ रकम खर्चेका हुम्डे विमानस्थल परीक्षण उडानमै सीमित रहेकामा सदरमुकाम चामेका पर्यटन व्यवसायी फुर्वा छिरिङ लामाले गुनासो गर्नुभयो । "विसं २०३९ देखि २०६८ सम्म विमानस्थल नियमित चल्यो, अहिले बन्द अवस्थामा छ । यात्रुको अभाव भएर पनि नचलेको हुनसक्छ तर लगानी गरिसकेपछि त्यसको उपयोग त गर्नुपर्छ नि", उहाँले भन्नुभयो ।

मनाङ पुग्ने अधिकांश पर्यटक पदयात्रामार्फत तिलिचो ताल र थोरङ भञ्ज्याङ हुँदै मुस्ताङतर्फ जाने गरेका छन् । मनाङमा सडक आउनुअघि स्थानीयवासी जहाजबाटै आवतजावत गर्ने गरेको लामाले बताउनुभयो। विसं २०६९ मा मनाङ सदरमुकाम चामेमा सडक पुगेको थियो। सडक यातायातको सुविधापछि विमान चढ्ने यात्रु घटेको अनुमान गरिएको छ ।

बागलुङ नगरपालिका-१४ स्थित बलेवा विमानस्थल पनि नियमित उडानका लागि तयारी अवस्थामा छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले तीन वर्षअघि रु आठ करोड २४ लाख खर्चेर विमानस्थलको धावनमार्ग कालोपत्र गरेको थियो । विसं २०२२ मा बनेको यो विमानस्थल पोखरा-बागलुङ सडक बनेपछि विसं २०४८ मा बन्द भएको थियो। छब्बिस वर्षपछि विसं २०७४ चैत ९ गतेदेखि पुनःसञ्चालनमा ल्याइएकामा त्यसले पनि निरन्तरता पाउन सकेन, केही महिनापछि विमानस्थलमा उडान बन्द बन्द गरियो ।

त्योबेला नेपाल र तारा एयरलाइन्सको ट्विनअटर विमानले हप्ताको दुई दिन उडान भर्थे। १९ सिट क्षमताका जहाजमा १२ भन्दा कम यात्रु भए बागलुङ नगरपालिकाले भार व्यहोर्ने गरी नागरिक उड्डयन प्राधिकरण, विमान कम्पनी र नगरपालिकाबीच सम्झौता भएको थियो । पछि यात्रु पनि घटेर नगरपालिकालाई आर्थिक बोझ थपिँदै गएपछि विमान सेवा बन्द हुन पुगेको हो।

विमान कम्पनीले सुरुमै बागलुङ-काठमाडौँको भाडादर ६५ सय तोकेपछि यात्रुले महँगो भएको गुनासो गरेका थिए । विमानस्थल पुग्ने सडक स्तरहीन हुनु र धावनमार्ग कालोपत्र नहुँदा पनि विमान सेवा नियमित सञ्चालन गर्नु चुनौतीपूर्ण थियो । अहिले धावनमार्ग कालोपत्र गरिएको भए पनि विमानस्थल बन्द छ भने अब कहिलेदेखि सञ्चालनमा आउँछ भन्ने टुङ्गो छैन ।

प्राधिकरणले धावनमार्गको सात सय मिटर लम्बाइ र ३० मिटर चौडाइ कालोपत्र गरेको छ। जसमा साना तथा मझौला जहाजले उडान भर्न सक्छन्। संस्कृति, पर्यटन तथा नागरिकउड्डयनमन्त्रालयद्वारागठित परामर्शदाता समूहले दुई वर्षअघि बलेवा विमानस्थलको स्थलगत अवलोकनसमेत गरेको थियो ।

धावनमार्ग, टावर र भौतिक पूर्वाधारको अवस्था देखेपछि अध्ययन समूहले विमानस्थल सञ्चालनका लागि तयारी अवस्थामा रहेको निचोड निकालेको थियो । परामर्शदाता समूहका प्रमुख डा जनकराज शाहले कर्मचारी, विमान कम्पनी र यात्रु भएमा जनुसुकै बेला विमानस्थल सञ्चालनमा ल्याउन सकिने बताउनुभएको थियो । उहाँले सरकारले करोडौँ खर्च गरेर बनाएको विमानस्थललाई धेरै समय प्रयोगविहीन अवस्थामा राख्न नहुनेमा जोड दिनुभएको थियो । नियमित विमान सेवाको सुनिश्चितता, भाडादर समायोजन र विमानस्थलसम्म पुग्ने सडकको पहुँच स्तरीय हुनसकेमा विमानस्थल चलाउन सकिनेमा स्थानीय जनप्रनिनिधि विश्वस्त छन् ।

बागलुङ-१ मालढुङ्गादेखि विमानस्थल जोड्ने कालीगण्डकी करिडोरको १० किमि सडक अहिले पनि कच्ची छ । सरकारले यसखण्डमा कालोपत्रका लागि ठेक्का प्रक्रिया सुरु गरे पनि कामले गति लिन सकेको छैन । बागलुङ-१४ का वडाध्यक्ष चक्रबहादुर खत्रीले विमानस्थल जोड्ने सडक स्तरीय नभएसम्म विमानस्थल चलाउन कठिनाई हुने बताउनुभयो ।

"भर्खरै विमानस्थल सञ्चालन गरौँ भन्ने अवस्था छैन, पहिले त्यहाँ पुग्ने सडकलगायत अरु पूर्वाधार बनेपछि नागरिक उड्डयन प्राधिकरण र विमान कम्पनीलाई पनि भन्न सजिलो हुन्छ", उहाँले भन्नुभयो ।

यो खण्डमा दश किमि कालोपत्र भएमा विमानस्थलसम्म राष्ट्रिय राजमार्गको सहज पहुँच पुग्छ। वडाध्यक्ष खत्रीले पहुँचमार्ग निर्माण र विमानस्थल सञ्चालनका लागि नगरमार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराइसकिएको बताउनुभयो। बलेवा विमानस्थल चलेमा यस क्षेत्रको पर्यटन व्यवसाय उकासिनुका साथै आर्थिक, सामाजिक विकासमा टेवा पुग्ने विश्वास लिइएको छ।

सरकारले भने आगामी आवको नीति तथा कार्यक्रममार्फत बलेवा, हुम्डेलगायत बन्द अवस्थामा रहेका विमानस्थललाई प्याराग्लाइडिङ, स्काइडाइभिङलगायत साहसिक खेलस्थलका रुपमा विकास गर्ने लक्ष्य लिएको छ। गोरखाको पालुङटार नगरपालिकाका प्रमुख विवश चिन्तनले पालुङटार विमानस्थलको स्तरोन्नति गरी सञ्चालनमा ल्याउने योजना अलपत्र परेको बताउनुभयो । "पालुङटार विमानस्थलाई हवाई तालिम केन्द्र या अन्य कुनै प्रयोजनमा लगाउनु उपयुक्त देखिन्छ, तत्कालै विमानस्थल सञ्चालनमा आउने सम्भावना देखिन्न", उहाँले भन्नुभयो, "काठमाडौँ र पोखरा जोड्ने राजमार्गकोस्तरोन्नतिहुँदायसक्षेत्रमा यातायात सेवा नै बढी प्रभावकारी हुने देखिन्छ ।" मुग्लिन-पोखरा सडक अहिले चार लेनमा विस्तार भइरहेको छ । काठमाडौँ-मुग्लिन सडकपनि स्तरोन्नतिको चरणमा छ।

सडक सुविधा नहुँदा यात्रु ओसारपसार र सामान ढुवानीका लागि प्रभावकारी बनेका विमानस्थल हाल प्रयोगविहीन छन्। विसं २०१८ मा सञ्चालनमा आएको पालुङटार विमानस्थल विसं २०३५ देखि बन्द अवस्थामा रहेको प्रमुख चिन्तनले जानकारी दिनुभयो । काठमाडौँ-पोखरा जोड्ने पृथ्वी राजमार्ग बनेपछि यो विमानस्थल बन्द हुन पुगेको उहाँको भनाइ छ। विमानस्थल सञ्चालनका लागि धावनमार्ग, घेराबारलगायत पूर्वाधारका काममा सरकारले करोडौँ लगानी गरे पनि सञ्चालनमा आउन सकेको छैन।

देशको एकमात्र सिकार आरक्ष रहेको बागलुङको ढोरपाटन उपत्यकाको ढोरपाटन विमानस्थल पनि दशकौँदेखि बन्द अवस्थामा छ । विमानस्थलको धावनमार्ग गौचरणमा परिणत भएको छ । बर्सेनि वन्यजन्तु सिकारका लागि विदेशी हेलिकप्टरमार्फत ढोरपाटन पुग्ने गरेका छन्। सडक यातायात पुगेपछि पर्यटकको आवागमन सहज बनेको छ ।

# रेडियो जननीको अन्तरक्रिया कार्यक्रम, स्थानिय उत्पादनलाई प्राथमिकता

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार




स्थानिय स्रोत साधनको प्रयोग गरेर उद्यमी बन्न सकिने पोखरामा शुक्रवार आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

रेडियो जननी ९०.६ मेगाहर्जको आयोजना तथा पोखरा महानगरपालिका वडा नं. ८ र पद्मावती हस्तकला उद्योगको सहयोगमा आयोजित रोजगारमुलक सीपको आवश्यकता तथा बजार सम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले उद्यमशिलताको लागि स्थानिय उत्पादनलाई प्राथमिकता दिनुपर्ने बताएका हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि तथा पोखरा महानगरपालिका वडा नं. ८ का वडाध्यक्ष रुद्रनाथ बरालले खेर गैरहेको सामाग्री प्रयोग गरेर पनि उद्यमी बन्न सकिने बताउनुभयो । उहाँले वडावासीमा उद्यमी बन्नको लागि कस्तो सीप आवश्यक छ अथवा कस्तो तालिमको माग हुन्छ, त्यस किसिमको तालिमको आयोजना वडाले गर्ने प्रतिवद्धता जनाउनुभयो । उद्यमशिलताको विकासको लागि वडा कार्यालय स्थानिय संघसंस्थासँग हातेमालो गरेर जान तयार रहेको उल्लेख गर्नुभयो।

पोखरा महानगरपालिकाका आर्थिक विकास महाशाखाका प्रमुख मनोहरी कडरियाले आफूले निर्माण गरेको सामाग्री आफैले पहिले प्रयोग गर्ने बानीको विकास गर्न सके स्थानिय उत्पादित वस्तुको उपयोगीता बढ्ने बताउनुभयो । त्यसले गर्दा बजार व्यवस्थापनमा टेवा पुग्ने उहाँको भनाई छ ।

पद्मावती हस्तकला उद्योगका प्रोपाइटर तथा रेडियो जननीका अध्यक्ष हिरा भट्टराईले स्थानिय स्रोत साधन र खेर गएको सामाग्रीको उपयोग गरेर दैनिक जीवनमा आवश्यक वस्तुहरु निर्माण गर्न सकिने जानकारी दिनुभयो । उक्त निर्माण गरेको सामाग्री बिक्री गरेर आर्थिक उपार्जन गर्न सकिने उहाँको भनाई थियो ।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका वाणिज्य तर्फका उपाध्यक्ष उत्तममान बुद्धाचार्य, पोखरा व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारी, पर्यटन तथा घरेलु कार्यालयका प्रमुख महराज ढकाल, आमा मिलन केन्द्रका अध्यक्ष इन्दिरा पौडेलले लगायतले उद्यमशिलताको विषयमा बोलेका थिए ।

सो अवसरमा विभिन्न उद्यमशिलतासँग सम्बन्धित संघसंस्थासँग आवद्ध व्यक्ति, आमा समुह, महिला समुह, टोल विकास संस्थाका प्रतिनिधि, वडा नं. ८ का जनप्रतिनिधिहरुको सहभागीता रहेको थियो । सहभागीहरुले रोजगारमुलक उमशिलता कसरी गर्ने, उत्पादित वस्तुहरुको बजार व्यवस्थापन कसरी गर्ने लगायतका विषयमा जिज्ञासा राखेका थिए ।

पद्मावती हस्तकला उद्योगका प्रोपाइटर तथा रेडियो जननीका अध्यक्ष हिरा भट्टराइको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. ८ का वडा सचिव सविता ढुङ्गानाले स्वागत र रेडियोका समाचार वाचक उमा आलेमगरले कार्यक्रम सञ्चालन गरेका थिए ।

# सारथी केन्द्रले कोशेली घर सञ्चालन गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

सारथी केन्द्रले पोखरामा कोशेली घर सञ्चालनमा ल्याउने भएको छ । केन्द्रले राष्ट्रिय स्तरको सृष्टि क्रियसन कोशेलीघर सञ्चालन गर्न लागेको हो । कोशेलीघरमा स्थानियस्तर मा उत्पादित हस्तकला, घरेलु तथा कृषिजन्य उत्पादन राखिने केन्द्रका अध्यक्ष शान्ती उदास श्रेष्ठले जानकारी दिनुभएको छ।

कोशेलीघर सञ्चालनका लागि अहिले उत्पादनका नमुना संकलन कार्य हुँदैछ । शुक्रबार असार १४ गते सारथी केन्द्रको कार्यलय नदिपुरमा विहान ११ बजेदेखि दिंउसो १ बजे सम्म उत्पादनको नमुना संकलन गरिने छ। साना उद्यमीहरुलाई आफ्नो उत्पादन सहित बिटुबि कार्यक्रममा सहभागी हुन केन्द्रका अध्यक्ष उदासले अनुरोग गर्नुभएको छ ।

संकलन भएको उत्पादनका नमुनाबाट उत्कृष्ट उत्पादनहरुको कोशेलीघर मार्फत बजारीकरण गरिने छ। कोशेलीघरले पोखरा घुम्न आएका पर्यटक तथा स्थानिय उत्पादन मनपराउनेका लागि उत्पादनहरु लक्षित गरेको छ ।

# देवघाटमा एक सय ४२ आयोजना सम्पन्न

**पोखरापत्र संवाददाता**
दमौली, १४ असार

देवघाट गाउँपालिकामा एक वर्षमा एक सय ४२ वटा आयोजना सम्पन्न भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा एक सय १६ वटा आयोजना उपभोक्ता समितिबाट र २६ वटा ठेक्का प्रक्रियाबाट सम्पन्न भएका देवघाट गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका इन्जिनियर तीर्थ ढुङ्गानाका अनुसार पूरा भएका योजनामध्ये गाउँपालिकास्तरीय ४१ र वडास्तरीय एक सय एक छन्। वडा नं २, ३, ४ र ५ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ भने वडा नं १ गाउँपालिका प्रशासकीय भवन पूरा हुने चरणमा छ ।

इन्जिनियर ढुङ्गानाले १० शय्याको देवघाट आधारभूत अस्पताल भवनको पहिलो तलाको ढलान गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकास्तरीय बजेटबाट बाटो कालोपत्र कार्यको सुरु गरिएको छ । गाउँपालिकाअन्तर्गत रहेको सिच्याङ्ग र वैदी स्वास्थ्यचौकीमा थप पूर्वाधार निर्माण, खानेपानी व्यवस्थापन तथा मर्मतकार्य सम्पन्न गरिएको उहाँले बताउनुभयो। त्यस्तै गाउँपालिकाभित्र १० किलोमिटर नयाँ ट्र्याक निर्माण र दुई सय ३० किलोमिटर सडक मर्मतसम्भार गरी यातायात सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

गाउँपालिकाका सबै वडा गरी जम्मा ११ वटा नयाँ आरसिसी खानेपानी ट्याङ्की निर्माण गरी खानेपानीको पहुँचमा वृद्धि गरिएको छ। उहाँका अनुसार रिस्तीखोला, देउतीखोला र चाँपखोलामा तीनवटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ। देवघाट-५ मा ज्येष्ठ नागरिक विश्रान्ती गृह निर्माणका लागि डिपिआर तयार भई शिलान्यास गरिएको तथा जग्गा संरक्षणकार्य भइरहेको जनाइएको छ । सडक निर्माणका क्रममा अवरुद्ध भएका खानेपानी तथा विविध संरचना पुनःनिर्माण गरी सञ्चालनयोग्य बनाइएका छन् ।

गाउँपालिकाअन्तर्गत थप पाँचवटा विद्यालय भवन निर्माण सम्पन्न गरिएको छ भने घिनाटारबाट टाउनचोकसम्म मोटरबाटो कालोपत्रको काम अन्तिम चरणमा पुगेको छ। यस्तै पिपलटारबाट मधुवन चोकसम्म र भुवनटारमा कालोपत्र गर्न थालिएको इन्जिनियर ढुङ्गानाले बताउनुभयो।

चालु आर्थिक वर्षमा पालिकाको अनुगमन समितिबाट २२ पटकको अनुगममा ९९ वटा योजनाको अनुगमन गरी छवटा योजनाको कार्यान्वयनमा सुधारका लागि सुझाव दिइएको गाउँपालिकाका उपाध्यक्ष एवं अनुमन समितिका संयोजक भुवनसिंह गुरुङले राससलाई जानकारी दिनुभयो ।

सिँचाइतर्फ वडा नं १ मा एउटा, वडा नं २ को खाल्टेफाँटमा तीनवटा, वडा नं ३ मा एउटा र वडा नं ५ मा चार गरी नौवटा योजना सम्पन्न भएका छन्। साथै दुई हजार पाँच सय मिटर पक्की सिँचाइ कुलो निर्माण भएको छ । सोलार प्रणालीबाट सञ्चालनमा रहेका दुईवटा लिफ्टिङ खानेपानी योजनामा समस्या भएपछि विद्युतीय माध्यमबाट तिनलाई कार्यान्वयन गरिएको गाउँपालिकाले जनाएको छ ।

यसैगरी, वडा नम्बर ५ मा तीनवटा डिपबोरिङ सम्पन्न हुने चरणमा रहेका र वडा नं ५ को झारखानीमा लिफ्टिङ सिँचाइ निर्माणाधीन छ। देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले नागरिकका विकास चाहना पूरा गर्ने अभियानमा आफूहरू क्रियाशील रहेको बताउनुभयो ।

# ज्योतिकुञ्जमा अभिभावक शिक्षा कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

पोखरा-१०, रामबजार स्थित ज्योतिकुञ्ज सेकेन्डरी इङलिस स्कुलमा अभिभावक शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बालाकृष्ण शर्माको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमबाट कक्षा नर्सरीदेखि तीन सम्मका करिब ३०० अभिभावक लाभान्वित भएको विद्यालयका प्राचार्य पुरन कुँवरले जानकारी दिए । राष्ट्रिय परीक्षा बोर्ड गण्डकीका पूर्व संयोजक दिपेन्द्र ढकालको प्रमुख आतिथ्यता तथा सहजीकरणमा सम्पन्न सो कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक प्रदीप पोखेलले गरेका थिए।

यसै बिच अभिभावक शिक्षा कार्यक्रम समापन पश्चात विद्यालयका पूर्व प्राथमिक तहका शिक्षकहरुका लागि पनि पोखरा महानगरपालिका शिक्षा महाशाखाका वरिष्ट शिक्षा अधिकृत बद्रीनाथ सुवेदीद्वारा विद्यार्थी मूल्याङ्कनका विषयमा सहजीकरण कार्यक्रमसमेत सम्पन्न भएको थियो।

# म्याग्दीको मङ्गलामा 'लिफ्ट' प्रविधिको सिँचाइ आयोजना निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी १४, असार

जिल्लाको मङ्गला गाउँपालिका-३ पखेरमा 'लिफ्ट' प्रविधिको सिँचाइ आयोजना निर्माण भएको छ । सङ्घीय र गण्डकी प्रदेश सरकारको लगानीमा खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले जिल्लामा पहिलोपटक 'डिपबोरिङ' प्रविधिको सिँचाइ आयोजना निर्माण गरेको हो।

कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर झलकमोहन ओझाले डिपबोरिङ, लिफ्ट, भूमिगत र भूसतही प्रविधिको संयोजन गरिएको आयोजनाको परीक्षण सफल भएको जानकारी राससलाई दिनुभयो ।

"डिपबोरिङ प्रविधि म्याग्दी जिल्लामा पहिलोपटक पखेरमा भित्र्याएका हौँ", उहाँले भन्नुभयो, "जमिनभित्र पाइप राखेर विद्युतीय उपकरणको सहायताले तानेको पानी पोखरीमा सङ्कलन गरी, नहर र पाइप लाइनबाट खेतबारीमा सिँचाइ गर्ने व्यवस्था मिलाएका छौँ ।" लगातार १२ घण्टासम्म डिपबोरिङ गर्ने उपकरण सञ्चालन गर्दा परीक्षण सफल भएको ओझाले बताउनुभयो।

सुक्खा याममा भूमिगत र बर्खामा खोल्सा तथा मुहानको पानी प्रयोग गरेर सिँचाइ गर्न मिल्ने संरचना तयार पारिएको उहाँले बताउनुभयो। म्याग्दी नदी किनारमा प्वाल पारेर राखिएको दुई सय एमएम क्षमताको जिआइ पाइपभित्र प्रतिसेकेण्ड १२ दशमलव पाँच लिटर पानी तान्न सक्ने २५ 'हर्सपावर' क्षमताको 'सम्पवेल पम्प' (पानी तान्ने उपकरण) जडान गरिएको छ ।

पानी तान्ने उपकरण सञ्चालन गर्न नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रले ५० केभीए क्षमताको ट्रान्सफर्मर र विद्युत् लाइन जडान गरेको छ । डिपबोरिङ राखेको ठाउँबाट एक सय ५० मिटर उचाइमा रहेको ४८ हजार लिटर क्षमताको ट्याङ्कीमा पानी लैजान एक सय १० एमएम क्षमताको एचडिआई (पोलिथिन) पाइप जडान गरिएको खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीका सबइन्जिनियर अञ्जन खत्रीले बताउनुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


## सार्वजनिक सूचना

बागलुङ जिल्ला सिहाना-८ बस्ने हिरादेवी खत्री भन्ने टिकादेवी खड्काको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १३ को कित्ता नं. ४७ को क्षेत्रफल १३१.६० वर्गमिटर भएको जग्गामा घर निर्माणको सम्पन्न लिदाँ उत्तर तर्फको सधियारा फेला नपरेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १३ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

